बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति: २०८२/०६/०७ (मङ्गलबार)

बैठक संख्या: ६६ औं

स्थान: बेसीशहर नगरपालिकाको सभाहल

समय : विहानः ११.०० बजे।

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ६६ औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

**उपस्थिति:**

| क्र सं | पद | | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख | गुमानसिंह अर्याल | |
| २ | उपाध्यक्ष | नगर उपप्रमुख | पद्मा गुरुङ | |
| ३ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | सुमन अधिकारी | |
| ४ | सदस्य | वडाध्यक्ष (वडा नं.१) | दुर्गा बहादुर बुढाथोकी | |
| ५ | सदस्य | वडाध्यक्ष (वडा नं.२) | मदन बहादुर राना | |
| ६ | सदस्य | वडाध्यक्ष (वडा नं.३) | चित्र बहादुर दनाई | |
| ७ | सदस्य | वडाध्यक्ष (वडा नं.४) | गम बहादुर गुरुङ | |
| ८ | सदस्य | वडाध्यक्ष (वडा नं.५) | इन्द्र बहादुर गुरुङ | |
| ९ | सदस्य | वडाध्यक्ष (वडा नं.६) | प्रकाश थापा | |
| १० | सदस्य | वडाध्यक्ष (वडा नं.७) | ऋषिराम बस्नेत | |
| ११ | सदस्य | वडाध्यक्ष (वडा नं.८) | पवित्रा थापा राना | |
| १२ | सदस्य | वडाध्यक्ष (वडा नं.९) | खुशीजङ गुरुङ | — |
| १३ | सदस्य | वडाध्यक्ष (वडा नं.१०) | गंगा बहादुर थापा | |
| १४ | सदस्य | वडाध्यक्ष (वडा नं.११) | शिव प्रसाद जोशी | — |
| १५ | सदस्य | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | |
| १६ | सदस्य | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | |
| १७ | सदस्य | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | |
| १८ | सदस्य | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | |
| १९ | सदस्य | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | |
| २० | सदस्य | कार्यपालिका सदस्य | सुकमाया घर्ती | |
| २१ | सदस्य | कार्यपालिका सदस्य | मनिता परियार | |
| | **सहजकर्ता कर्मचारी** | | | |
| १ | कार्यक्रम अधिकृत | | मेघेन्द्र पोखरेल | |
| २ | प्रशासकीय अधिकृत | | दिपेश अधिकारी | |

गुमान सिंह अर्याल

**नगर प्रमुख**

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०६/०७ को बैठक

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८२/०६/०७ गतेको बैठकका प्रस्तावहरु**

१. शुभकामना आदनप्रदान सम्बन्धमा ।
२. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा।
३. सरसफाई अभियान सञ्चालन गर्ने सम्बन्धमा ।
४. स्थानीय सार्वजनिक विदाको अनुमोदन सम्बन्धमा ।
५. चाडपर्व लक्षित शान्ति सुरक्षा व्यवस्थापन सम्बन्धमा ।
६. सूचना प्रविधि अधिकृतको पदपूर्ति सम्बन्धमा ।
७. विविध
   - प्रदेश अस्पतालबाटै सेवाको निरन्तरता दिने सम्बन्धमा ।
   - कार्यविधि संशोधन तथा मापदण्ड निर्माण सम्बन्धमा ।
   - निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा ।

**बैठकबाट पारित निर्णयहरु**

**निर्णय नं.१ः शुभकामना आदनप्रदान सम्बन्धमा ।**
नेपालीहरुको नजिकिंदै गरेका महत्वपूर्ण राष्ट्रिय चाडपर्वहरु विजया दशमी, शुभ दीपावली, छठपर्व आदिको पावन अवसरमा देश भित्र र बाहिर रहनु भएका नगरबासी तथा आम नेपाली समुदाय सबैमा सुस्वास्थ्य, सुखशान्ति, समृद्धि र प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं.२ : अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा।**
मिति २०८२/०५/१३ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो।

**निर्णय नं.३ः सरसफाई अभियान सञ्चालन गर्ने सम्बन्धमा ।**
नेपालीहरुको घरआगनमा दशैं लगायतका चाडपर्वहरु भित्रिसकेंको र मनसुन पनि क्रमशः कम हुँदै जाने स्थितिमा आफ्नो टोल, समुदाय र वस्तीको बाटोघाटो तथा सार्वजनिक स्थलहरुको सरसफाईमा जुट्न टोल विकास संस्था, युवा क्लव, आमा समुह लगायत समुदायका सवै सदस्यहरुलाई आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ः स्थानीय सार्वजनिक विदाको अनुमोदन सम्बन्धमा ।**
मिति २०८२ भदौ २३ र २४ गते Gen-Z द्वारा आयोजित आन्दोलनका क्रममा राजधानी काठमाण्डौ लगायत देशका विभिन्न स्थानहरुमा भएको प्रदर्शनमा ठूलो जनधनको क्षति भएको दुःखद घटनाप्रति गहिरो शोक व्यक्त

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०६/०७ को बैठक

गर्दै दिवंगत आत्माहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै २०८२ भदौ २५ गते बुधबार १ दिनका लागि यस बेसीशहर नगरपालिकाबाट दिईएको स्थानीय सार्वजनिक विदालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५: चाडपर्व लक्षित शान्ति सुरक्षा व्यवस्थापन सम्बन्धमा ।**

दशैं लगायतका चाडपर्वको समयमा अवाञ्छित घटनाहरु घट्न सक्ने विषयलाई ध्यानमा राखी कुनै पनि स्थानमा हुनसक्ने त्यस्ता अवाञ्छित गतिविधिहरु रोकथाम र नियन्त्रण गरी समुदायमा शान्तिसुरक्षा र अमनचयन कायम राख्ने तर्फ आवश्यक कार्य प्रवन्ध मिलाउने निर्णय गरियो ।

**निर्णय नं.६: सूचना प्रविधि अधिकृतको पदपुर्ति सम्बन्धमा ।**

यस नगरपालिकामा रिक्त हुन आएको सूचना प्रविधि अधिकृत (सातौं तह) पदमा करार सेवामा पदपूर्ति गर्ने प्रयोजनको लागि नियमानुसार सम्बद्ध कानून एवम् कार्यविधि वमोजिम पदपूर्ति गर्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७: प्रदेश अस्पतालबाटै सेवाको निरन्तरता दिने सम्बन्धमा ।**

हिमालयन आँखा अस्पताल पोखराको सहयोगमा विगत वर्षहरुबाट प्रदेश अस्पताल बेसीशहर लमजुङको परिसरबाट प्रदान हुँदै आएको आँखा उपचार सम्बन्धी सेवा सोही स्थानबाट प्रदान गर्दा सान्दर्भिक देखिएको र सेवाग्राहीहरुलाई उपचार सेवा लिन समेत सहज भई रहेको हुँदा प्रदेश अस्पतालबाटै आँखा उपचार सम्बन्धी सेवाको निरन्तरता हुन हिमालयन आँखा अस्पताल पोखरालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.८: कार्यविधि संशोधन तथा मापदण्ड निर्माण सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको "बेसीशहर नगरपालिका क्षेत्र भित्रका नदिजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधि, २०७४" लाई संशोधन गर्न तथा "बेसीशहर नगरपालिकाको कार्यक्रम सञ्चालन सम्बन्धी खर्चको मापदण्ड" सम्बन्धी ~~कार्यविधि~~ मस्यौदा तयार गरी अगाडि बढाउन स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं.९: निर्माण व्यवसायी इजाजत पत्र प्रदान सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकाको कार्यालयमा "घ" वर्गको निर्माण व्यवसायीहरुको इजाजत पत्रका लागि निवेदन प्राप्त हुन आएको देहायको सञ्चालकको संलग्न कागजात छनविन गर्दा बेसीशहर नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को अनुसूची-५ अनुसार योग्यता पुगेको देखिएको हुँदा निजलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

**देहायः**

**फर्मको नाम, ठेगानाः** न्यू गणपति कन्स्ट्रक्सन एण्ड मल्टिपर्पोज, बेसीशहर नगरपालिका-६, लमजुङ ।

**सञ्चालकको नाम, ठेगानाः** गणेश कुमार गुरुङ, बेसीशहर नगरपालिका-६, लमजुङ ।

गुमान सिंह अर्याल

**नगर प्रमुख**